# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १३ ] काठमाडौं, श्रावण २८ गते २०२० साल [ संख्या १८

श्री ५ को सरकार

### अर्थ मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिम "मनोरञ्जन कर (दोस्रो संशोधन) नियमहरू, २०२०" सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

मनोरञ्जन कर (दोस्रो संशोधन) नियमहरू, २०२०

मनोरञ्जन कर नियमहरू, २०१८ (यसपछि मूल नियम भनिएको) लाई संशोधन गर्न आवश्यक भएकोले श्री ५ को सरकारले मनोरञ्जन कर ऐन, २०१७ को दफा १० ले दिएको अधिकार प्रयोग गरी देहायको नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :– (१) यी नियमहरूको नाम "मनोरञ्जन कर (दोस्रो संशोधन) नियमहरू, २०२०" रहेको छ ।

(२) यी नियमहरू तुरन्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमको नियम ३ मा संशोधनः– मूल नियमको ३ को उप–नियम (५) को सट्टा निम्नलिखित उप–नियम (५) राखिएको छः–

(५) मनोरञ्जन कर मालिकले मनोरञ्जनमा प्रवेश गर्न दिइने टिकट देहाय बमोजिमको तयार गर्न पाउनेछ र त्यस्ता टिकटको संख्या डाइरेक्टर कर



१६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विभागले तोकिदिए बमोजिम हुनेछ र त्यस्तो टिकट वा पासमा मनोरञ्जन कर अफिसरको छाप लगाई लिनुपर्छः–

(क) साधारणः मनोरञ्जनको मालिकले पूरा मूल्य लिई सर्वसाधारणलाई बिक्री गर्ने,

(ख) विद्यार्थीलाई छुट (कन्सेशन): मनोरञ्जनको मालिकले आफूले पाउने पैसामा केही मात्रामा छुट दिई विद्यार्थी वर्गमा मात्र बिक्री गर्न पाउने । यसमा मनोरञ्जन करभने पूरा लाग्नेछ,

(ग) कम्प्लिमेण्टरीः केवल मनोरञ्जन कर मात्र लिई आफ्नो स्टाफ र परिवारलाई निःशुल्क दिने ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव,
अर्थ मन्त्रालय ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको सरकारी रकम (व्यवस्था) (दोस्रो संशोधन) नियमहरू, २०२० सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

सरकारी रकम (व्यवस्था) नियम २०१६ (यसपछि मूल नियम भनिएको) मा संशोधन गर्न आवश्यक देखिएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :– (१) यी नियमहरूको नाम "सरकारी रकम (व्यवस्था) (दोस्रो संशोधन) नियमहरू, २०२०" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमको नियम ४ मा संशोधनः– मूल नियमको नियम ४ को सट्टा निम्नलिखित नियम ४ राखिएको छ :–

४. बैंक खाता खोल्नु पर्नेः– सरकारी नगद रुपैयांको दाम काम गर्ने अड्डाहरूले राष्ट्रबैंक वा राष्ट्रबैंक नरहेको ठाउंमा नेपाल बैंकमा खाता खोल्नुपर्छ र यसरी खाता खोलिएकोमा तोकेका व्यक्तिहरूले खाता सञ्चालन गर्नुपर्छ ।

आज्ञाले–
डा यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव,
अर्थ मन्त्रालय ।

762

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।